# प्रभाव दैनिक
National Daily


ई-पेपरका लागि

वर्ष १० | अंक ५७ | काठमाडौं | सोमबार, ४ असार २०८० | Prabhab National Daily | Monday, June 19, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## पाँचदलीय समाजवादी मोर्चा

- नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी (एस), नेपाल समाजवादी पार्टी (नेसपा) नेपाल र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) मोर्चामा समेटिने
- मोर्चा निर्माणको १५ बुँदे आधार
- वामदेव गौतम मोर्चाबाहिरै







■ **जेबी योञ्जन**

**काठमाडौं-** समाजवादी र प्रगतिशील धारका पाँच राजनीतिक दल सम्मिलित 'समाजवादी मोर्चा नेपाल' आज घोषणा हुँदै छ । मोर्चा बनेपछि संसद्को तेस्रो ठूलो शक्ति हुने ठानिएको छ। मोर्चामा सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी (एस), नेपाल समाजवादी पार्टी (नेसपा) नेपाल र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) समेटिँदै छन्।

नेकपाबाहेकका चार दलको संसद्मा प्रतिनिधित्व छ। यी दलहरू मोर्चाको नामबाट एक ठाउँमा आउँदा संसद्मा ५४ सिटसहित तेस्रो बलियो शक्ति हुनेछ।

मोर्चाको घोषणासभालाई प्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहाल, जसपा अध्यक्ष उपेन्द्र यादव, नेकपा एसका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, नेसपा अध्यक्ष तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र नेकपा महासचिव नेत्रविक्रम चन्दले सम्बोधन गर्ने बताइएको छ। माओवादी सचिव देवेन्द्र पौडेलका अनुसार देशमा समाजवाद ल्याउन मोर्चा औचित्यसिद्ध हुनेछ।

'संविधानको प्रस्तावनामै नेपाल 'समाजवादउन्मुख' भनिएको छ। फेरि देशमा समाजवादलाई राजनीतिक गन्तव्य मान्ने दलहरू थुप्रै छन्,' उनले प्रभावसँग भने, 'एउटा विचार, एउटै सिद्धान्त र एउटै गन्तव्यमा पुग्ने दलहरू एक ठाउँमा उभिनु जरुरी छ। त्यही भएर देशमा साँच्चै समाजवाद ल्याउन मोर्चाको औचित्य पुष्टि हुनेछ।'

मोर्चा एकाएक गठन हुन लागेको भने होइन। गत वर्षको मंसिरमा चुनाव हुनुअघि नै मोर्चा गठनको औपचारिक थालनी भएको थियो। प्रधानमन्त्रीको दल माओवादीले पार्टी उपाध्यक्ष कृष्णबहादुर महराको संयोजकतत्त्वको कार्यदल गठन गरेको थियो। कार्यदललाई विचार र सिद्धान्त मिलेका दलहरूबीच भए एकता नभए मोर्चा गठनका लागि संवाद गर्ने कार्याधिकार थियो।

अर्को दल जसपाले वरिष्ठ उपाध्यक्ष राजेन्द्र श्रेष्ठको संयोजकत्वमा र नेकपा एसले महासचिव डा. बेदुराम भुसाल संयोजकत्वमा कार्यदलहरू गठन गरेका थिए। कार्यदलमा आबद्ध नेताहरूले (**बाँकी पृष्ठ २ मा**)

# 'आदिपुरुष'ले काठमाडौं महानगरमा 'महाभारत'

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** देशमा केही दिनअघि भारतीय मुर्रा राँगाको चर्चा थियो। मुर्राको प्रसंग सेलाउन नपाउँदै ओम राउत निर्देशित दक्षिण भारतीय फिल्म 'आदिपुरुष'ले तहल्का मच्चाइरहेको छ। प्रभास र कृति सेनन स्टारर फिल्ममा सीतालाई 'भारतके लड्की' भन्ने शब्द प्रयोग गरेकै कारण काठमाडौं तातेको छ। काठमाडौंका मेयर बालेन्द्र (बालेन) साहले त फिल्म हलहरूमा आउनु अघिल्लो दिन नै फिल्म चल्न नदिने चेतावनी दिएका थिए।

जेठ मसान्तमा बालेनको चेतावनीपछि शुक्रबार बिहानको शो चल्न सकेन। दिउँसोबाट भने उक्त फिल्मका शोहरू खुले। असार १ र २ गते गरी आदिपुरुषले नेपालबाट एक करोड ५० लाख रूपैयाँ 'ग्रस कलेक्सन' गरिसकेको छ। आज (सोमबार)बाट काठमाडौं महानगरका कुनै पनि हलमा आदिपुरुषमात्र हैन हिन्दी फिल्म नै चल्न नदिने उद्घोष मेयर बालेनले गरेका छन्। बालेनले काठमाडौंमा रहेका १७ वटै सिनेमा हलमा आइतबारै नगर प्रहरी पठाएर सिनेमा प्रदर्शन नगर्न आग्रह गरिसकेका छन्। सोमबार सबै हलमा प्रदर्शनको अनुगमनसमेत हुने महानगरले जनाएको छ।

### अधिकार क्षेत्र मिच्दै बालेन !

बालेनले काठमाडौं महानगरमा हिन्दी फिल्ममाथि रोक लगाएका छन्। 'नेपालको स्वतन्त्रता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी राष्ट्रहितको रक्षा गर्नु प्रत्येक सरकार, सरकारी निकाय, गैरसरकारी क्षेत्र र नेपाली नागरिकको पहिलो कर्तव्य हुने कुरामा कुनै सन्देह छैन,' बालेनले भनेका छन्।




- आजबाट काठमाडौं महानगरका कुनै पनि हलमा आदिपुरूषमात्र हैन हिन्दी फिल्म नै चल्न नदिने मेयर बालेनको उद्घोष
- आगोमा घिउ थप्दै फिल्मका पटकथा लेखक मनोज

मेयर बालेनले संविधानको धारा ५ र ५६ को उपधारा (६० बमोजिम महानगरको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै नेपालका अरु हलहरू पनि संवेदनशील हुनुपर्ने तर्क राखेका छन्। 'नेपालको संविधानको धारा ५ र ५६ को उपधारा (६) ले संघ, प्रदेश र स्थानीय सरकारलाई राष्ट्रिय हितको संरक्षण गर्ने जिम्मेवारी तोकेको छ। उक्त चलचित्र यथावत् प्रदर्शन भएमा नेपालको राष्ट्रियता, सांस्कृतिक एकता र राष्ट्रिय विभूतिमाथि ठाडो प्रहार भई अपूरणीय क्षति हुने देखिन्छ। उक्त चलचित्रबाट नेपाल माथि सांस्कृतिक अतिक्रमण भएको हुँदा यस महानगरपालिकाको गम्भीर ध्यानाकर्षण (**बाँकी पृष्ठ २ मा**)

### सुपर क्यासेट्सले पठायो पत्र

भारतीय फिल्म कम्पनी सुपर क्यासेट्स इण्डस्ट्रिजले चलचित्र विकास बोर्ड र काठमाडौं महानगरपालिकाका मेयर बालेनलाई आइतबार अबेर पत्र पठाएर चलचित्र 'आदिपुरुष'मा प्रयोग भएको संवादमा सीताको जन्मको विषयमा नभई सम्पूर्ण भारतीय नारीहरूको स्वाभिमानलाई प्रतिनिधित्व गरेको उल्लेख गरेको छ।

कम्पनीकी सहायक पब्लिक रिलेसन म्यानेजर राधा दासले हस्ताक्षर गरेका पत्रमा संसारका महिलाहरूको सम्मानलाई भारतीयले महत्त्वका साथ हेर्ने गरेको उल्लेख गर्दै चलचित्रलाई कलात्मक प्रदर्शनको रूपमा हेरिदिन र सहयोग गर्न भनिएको छ। 'सर्वप्रथम यदि हामीले कुनै पनि विषयमा नेपालको भावनामाथि चोट पुर्‍याएको भए माफी चाहन्छौं, कसैको सौहाद्रतामा खलल पुर्‍याउने हाम्रो कुनै पनि चाहना वा नियोजित कार्य थिएन,' पत्रमा भनिएको छ।

'चलचित्रमा प्रभासले निभाएको चरित्र श्री राघवले बोलेको 'आज मेरे लिए मत लड्न, उस दिन के लिए लड्ना जब भारत कि किसि बेटी पर हात डाल्ने से पेहेले दूराचारी तुमहारा पौरुष याद कर्के थ्रा उठेका' को सम्बन्ध माता सीताको जन्मभूमिसँग सम्बन्धित नभएको तर भारतका सबै महिलाहरूको स्वाभिमानलाई जनाउने रूपमा प्रयोग गरिएको हो,' पत्रमा उल्लेख गरिएको छ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# ८१ स्थानीय तहमा पुन:एकीकरण कार्यक्रम

## १३ करोड ६८ लाख रूपैयाँ अनुदान

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** वैदेशिक रोजगार बोर्डको सचिवालयले ८१ स्थानीय तहमा पुन:एकीकरण कार्यक्रम सञ्चालनमा ल्याएको छ। बोर्डको चालु आर्थिक वर्ष २०७९/८० को स्वीकृत कार्यक्रमअनुसार वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि सो कार्यक्रम सञ्चालनमा ल्याइएको हो।

बोर्डले उद्यमशीलता प्रवर्द्धनका लागि सीपमूलक तालिम सञ्चालन र लाभग्राहीका लागी प्राविधिक तथा वित्तिय सहयोग उपलब्ध गराएको छ। उक्त कार्यक्रम सञ्चालनका लागि ८१ स्थानीय तहले कूल १३ करोड ६८ लाख ९० हजार रूपैयाँ अनुदान पाएका छन्। कार्यक्रममा सहभागीहरूका आधारमा स्थानीय तहले न्यूनतम आठ लाख ६० हजारदेखि अधिकतम २५ लाख ८० हजार रूपैयाँसम्म पाउनेगरी बोर्डसँग द्विपक्षीय सम्झौता गरेका छन्। जसमा नौवटा पालिकाले यसपटक २० जनालाई समावेश गरेका छन् भने ६२ वटा पालिकाले ४० जनालाई समेटेका छन्।

यस्तै १० वटा पालिकाले ६० जनालाई उद्यमशीलता प्रवर्द्धन एवं मनोसामाजिक परामर्श दिनेगरी कार्यक्रम सञ्चालन भइरहेको बोर्डले उल्लेख गरेको छ। २० जना भएको पालिकालाई आठ लाख ६० हजार, ४० जना भएको पालिकालाई १७ लाख र ६० जना भएको पालिकालाई २५ लाख ८० हजार रूपैयाँको दरले बोर्डले रकम उपलब्ध गराएको छ।




बागमती प्रदेशका २१, मधेस प्रदेशका १६, कोशी प्रदेशका १३, गण्डकी प्रदेशका १४, लुम्बिनीमा १३ र सुदूरपश्चिम प्रदेशका चार स्थानीय तहमा पुन:एकीकरण कार्यक्रम सञ्चालनमा आएका छन्। वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई उद्यमशीलता तालिम, मनोपरामर्श तथा सिड मनीका रूपमा प्रतिव्यक्ति ४३ हजार रूपैयाँका दरले खर्च हुने बोर्डका निर्देशक एवं सूचना अधिकारी राजन पौडेलले बताए।

'पहिलो चरणमा पाइलट प्रोजेक्टको रूपमा ८१ पालिकाले तीन हजार २२० जनालाई पुन:एकीकरण कार्यक्रममा समावेश गरेका छन्,' उनले भने, 'उनीहरूलाई बोर्डले अनुदान दिएको रकममध्ये तालिमका लागि आठ हजार रूपैयाँ खर्च हुने र तालिमपश्चात् व्यवसाय सञ्चालनका लागि ३५ हजार रूपैयाँ सिड मनीको रूपमा स्थानीय तहले उपलब्ध गराउने छन्।'

पौडेलका अनुसार केही पालिकाहरूले उद्यमशीलता प्रवर्द्धनका लागि बोर्डले उपलब्ध गराएको रकममा १० देखि ४० प्रतिशतसम्म थप गरेर बीउ पुँजी दिने प्रतिबद्धतासमेत जनाएका छन्। बोर्डले वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई पुन:एकीकरण कार्यक्रममार्फत उद्यमशीलता तालिम, सामाजिक पुन:स्थापनाका लागि मनोपरार्श र उद्यम प्रवर्द्धनका लागि विशेष जोड दिएको छ। यस्तै आगामी आर्थिक वर्षबाट थप बजेटसहित क्रमश: अन्य स्थानीय तहहरूसँग पनि कार्यक्रम सञ्चालनका लागि विदेशबाट फर्किएकाहरूको सूची संकलन एवं प्रस्ताव माग गर्ने बोर्डले जनाएको छ।

## अमेरिका पठाइदिन्छु भन्दै डेढ करोड ठगी

**काठमाडौं (प्रस)-** रोजगारीका लागि अमेरिका पठाइदिन्छु भन्दै एक करोड ६० लाख रूपैयाँभन्दा बढी ठगी गरेको अभियोगमा दुई महिला पक्राउ परेका छन्। पक्राउ पर्नेहरूमा काठमाडौं बौद्ध बस्ने ४५ वर्षीया निर्मला महर्जन र बारा जितपुर सिमरा बस्ने २६ वर्षीया अल्पा ढकाल रहेका छन्।

महर्जन र ढकालले विश्वास दिलाइ ३६ जनाबाट एक करोड ६१ लाख २० हजार रूपैयाँ रकम ठगी गरेको नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरोले जनाएको छ। अमेरिका बस्दै आएका टंकराज बस्नेतले फेसबुक र म्यासेन्जरमा छुट्टाछुट्टै प्रोफाइल खोली पीडितसँग चिनजान गरी आफू अमेरिकाको ग्लेनउड स्प्रिङ नामको नेपाली रेस्टुरेण्टमा काम गर्ने गरेको र प्रोफिट स्टक अप्सन टिएफएक्स नामक अन्तर्राष्ट्रिय कम्पनीमार्फत भारतीय होटल तथा रेस्टुरेण्टमा मासिक दुई हजारदेखि तीन हजार डलरसम्मको जागिर लगाइदिने भन्दै महर्जन र ढकालमार्फत ठगी गरेको प्रहरीले उल्लेख गरेको छ।

पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा उनीहरूलाई काठमाडौंबाट पक्राउ गरिएको बताइएको छ। प्रहरीले उनीहरू उपर ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूर मुद्दामा जिल्ला अदालत काठमाडौंबाट पाँच दिन म्याद थप लिई अनुसन्धान भइरहेको जनाएको छ।


## प्रेस विज्ञप्ति

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई सहज ढंगले वैदेशिक रोजगारीमा जानका लागि निजी क्षेत्रसँग सहकार्य गर्दै वैदेशिक रोजगार ऐन-२०६४, नियमावली र विद्यमान कानुनको परिधिभित्र रहेर इजाजत-पत्र प्राप्त रेमिट्यान्सको सम्बाहक वैदेशिक रोजगार क्षेत्रमा क्रियाशिल करिब ९०० व्यवसायीहरूले प्रति कम्पनी रु.२ करोडदेखि ६ करोडसम्म धरौटी राखी विश्वभर रोजगारीमा पठाउने कार्य गर्दै आएका छन्। वैदेशिक रोजागारमा गएका श्रमिक दाजुभाइ दिदिबहिनीले पठाइएको विप्रेषणले देशको अर्थतन्त्रमा २९.५ योगदान रहेको सर्वविदितै छ। स्वदेशमा पर्याप्त रोजगारी सिर्जना नभएका कारण वैदेशिक रोजगार बाध्यात्मक र आवश्यकता रहेको छ। वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्स अर्थतन्त्रको मेरुदण्डको रूपमा स्थापित भएको छ। कोभिड-१९ पछिको बेरोजगारीको चापले अझ यसको आवश्यकता बढेको छ बेरोजगार युवाहरूको फाइदा उठाउँदै केही मानव तस्कर र दलालले मानिसहरूलाई विभिन्न देशमा आकर्षक तलब सुविधा पाउने झुट्टो आश्वासन दिई प्रलोभनमा पारी नक्कली कागज पत्र बनाई भ्रमणका लागि विदेश जान लिइने Visit Visa मा विदेश लाने गरेको कुरा लामो समयदेखि सुनिँदै आएको र Visit Visa मा जाने क्रम अहिले झन धेरै बृद्धि भएको साथै वैदेशिक रोजगार ऐन २०६४ (संशोधन सहित) मा रोजगारका लागि विदेशमा काम गर्न चाहने व्यक्तिले व्यक्तिगत प्रयास र पहलमा विदेशमा रोजगारी खोजी जान चाहेमा व्यक्तिगत रूपमा श्रम स्विकृति लिनुपर्ने र व्यक्तिगत रूपमा श्रम स्विकृति लिन अभिमूखिकरण तालिम लिनु पर्ने, स्वास्थ्य परिक्षण गराउनु पर्ने, सामाजिक सुरक्षाकोष र वैदेशिक रोजगार कल्याणकारी कोषमा रकम जम्मा गर्न पर्ने व्यवस्था छ, सोही व्यवस्थालाई टेकेर गैरव्यवसायीहरूको संलग्नतामा ठुलो सफ्यामा व्यक्तिगत श्रम स्वीकृति दिलाएर असुरक्षित तवरले वैदेशिक रोजगारीमा पठाउन थालेको भन्ने विषय विभिन्न अनलाइन समाचार, पत्रपत्रिका, रेडियो, टेलिभिजन र सार्वजनिक सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा आइरहेका छन् यस्तो क्रम निरन्तर रूपमा बढिरहेको कुरा विगत समयदेखिको तथ्याङ्क हेरिएमा समेत स्पष्ट हुन्छ। यस प्रकार गएका कामदारका कारण सिङ्गो वैदेशिक रोजगार व्यवसाय र व्यवसायीलाई अनावश्यक दोषारोपण आइरहेको छ भने समयमा माग पत्र प्रमाणीकरण नहुनुको फाइदा उठाउँदै व्यक्तिगत स्वतन्त्रता अन्तरगत वैदेशिक भ्रमणमा जान पाउने अधिकारलाई व्यवस्थित गर्न निश्चित मापदण्ड पूरा गरिसकेपश्चात मात्र विदेश भ्रमणको लागि अनुमति प्रदान गर्न, वैदेशिक रोजगारलाई व्यवस्थित गर्न २०७० सालमा तत्कालिन श्रम, रोजगार तथा यातायात मन्त्रालयबाट सचिवस्तरीय रोजगारदाता मुलुकहरूको स्थलगत भ्रमण प्रतिवेदनका आधारमा एकाघरका नाता खुल्ने व्यक्ति बाहेक व्यक्तिगत श्रम स्वीकृति नदिने निर्णयको नजिरलाई टेकी कडाइका साथ लागू गर्न र यस्ताखालका बेथितिलाई रोक्न, संस्थागत रूपमा वैदेशिक रोजगारलाई व्यवस्थित गर्नका लागि माग पत्र प्रमाणिकरणलाई सहज बनाउनका निमित्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालयलाई अनुरोध गर्दै मानव तस्करीलाई रोक्नका लागि गृह मन्त्रालयको ध्यानाकर्षण गराउँदै नेपाल वैदेशिक रोजगार व्यवसायी संघ यसै विज्ञप्ती मार्फत सम्बन्धित सबै सरोकारवाला निकायसँग जोडदार माग गर्दछौं।

**राजेन्द्र भण्डारी**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं.०१-४५९०९६९/४५९४४१८



**समझदारीपत्र आदानप्रदान** | जात्रा पर्व सञ्चालन गर्न ललितपुर महानगरपालिका र मानमानेश्वरी पायो जात्रा व्यवस्थापन समितिबीच समझदारीपत्रमा हस्ताक्षरपछि पत्र आदानप्रदान गर्ने क्रममा महानगरप्रमुख चिरीबाबु महर्जन र समितिका अध्यक्ष साम्राज्य श्रेष्ठ । *तस्बिरः माधवप्रसाद घिमिरे/रासस*

# स्वास्थ्य क्षेत्र सुधार गर्नुपर्नेमा जोड

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभा सदस्य राजन केसीले नेपालको स्वास्थ्य क्षेत्र सुधार गर्नुपर्नेमा जोड दिएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकमाथिको जारी छलफलअन्तर्गत संघीय मामिला तथा सामान्य प्रशासन र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको शीर्षकमाथिको छलफलका क्रममा उनले सो कुरामा जोड दिएका हुन् ।

सांसद मेनकाकुमारी पोखरेलले बजेटले समग्र देशलाई समेट्नुपर्ने भए पनि राजनीतिक दलको शक्तिको आधारमा बजेट ल्याइएको भन्दै गुनासो गरिन् । उनले भनिन्, 'खासगरी बजेटमा मुटु, मधुमेह, क्यान्सरजस्ता रोगका लागि सरकारले बजेटको कुनै व्यवस्था गरेको छैन, स्वास्थ्य मन्त्रालयले सचेतनाका लागि कुनै ध्यान दिएको छैन, यसलाई स्थानीय तहसम्म पुर्‍याउन आवश्यक छ ।' संघीय मन्त्रालय सबै कर्मचारीको मन्त्रालय भए पनि सही तथ्यांक दिन नसकेको उनको भनाइ छ ।

सांसद छिरिङडम्डोल लामा भोटेले मेडिकल माफियालाई पत्ता लगाएर कारबाही गर्नुपर्ने माग गरे । सांसद देवप्रसाद तिमिल्सिनाले शिक्षा र स्वास्थ्य क्षेत्रलाई निःशुल्क गर्नुपर्ने बताए । आम सर्वसाधारण जनताको स्वास्थ्यमा सहज पहुँच हुनुपर्ने उनको भनाइ छ । सांसद दामोदर पौडेल वैरागीले भोलि नै नागरिकता विधेयक संसद्मा ल्याएर पास गरेर जनतालाई सहज बनाउन आग्रह गरे । संघीय निजामती ऐन जतिसक्दो चाँडो ल्याएर कार्यान्वयन गर्नुपर्ने उनको भनाइ छ ।

सांसद सञ्जयकुमार गौतमले चालु खर्च बढेको, विकास खर्चहरू कम भएको भन्दै यो राष्ट्रिय समस्या भएको बताए । सांसद हेमराज राईले सरकार संघीयता कार्यान्वयन गर्ने दिशामा केन्द्रित हुनुपर्ने धारणा राखे । सांसद लीलादेवी बोखेम लिम्बूले पूर्वका विभिन्न जिल्लामा शनिबार राति भएको अविरल वर्षाका कारण भएको मानवीय र भौतिक क्षतिबारे सरकार गम्भीरतापूर्वक लाग्नुपर्नेमा जोड दिए ।

सांसद नारायणप्रसाद आचार्यले स्वास्थ्य बिमालाई अझै व्यवस्थित गर्नुपर्ने माग गरे । सांसद रामशंकर यादवले दलका नेताहरूले आ-आफ्नो पहुँचका आधारमा आफ्नो जिल्लामा बजेट छुट्याउन गरेको आरोप लगाए । सांसद सम्झना थपलियाले बालविवाह रोक्नका लागि सरकारले तराईका जिल्लामा प्रभावकारी अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिइन् । सांसद प्रेमबहादुर महर्जनले मानसिक स्वास्थ्यका बारेमा बजेटको व्यवस्था नगरेको भन्दै सरकारको ध्यानाकर्षण गराए ।

## 'आदिपुरुष'ले...

पृष्ठ १ बाट जारी

भएको छ,' उनले थप भनेका छन्, 'काठमाडौं महानगरपालिका क्षेत्रभित्र उक्त राष्ट्रहितविपरीतको चलचित्र प्रदर्शनलाई निषेध गरेर मात्र देशभित्रका अन्य क्षेत्र र विदेशमा सो चलचित्र प्रदर्शन हुन दिने हो भने त्यसले भ्रामक तथ्य स्थापित हुन्छ । यो मर्ममाथिको प्रहारप्रति सबै संवेदनशील हुन आवश्यक छ ।'

संविधानको अनुसूची ७ मा चलचित्रसम्बन्धी अधिकार संघ र प्रदेशलाई दिइएको छ । संघ र प्रदेशको साझा अधिकारको सूचीमा चलचित्र, सिनेमा हल, खेलकुदलाई एकैसाथ राखिएको छ । यसैगरी अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची उल्लेख गरिएको छ । जसमा स्थानीय तहलाई कर उठाउनमात्र अधिकार दिइएको छ ।

यसरी सबै हिन्दी फिल्म बन्द गरौं भन्दा सन्देश गलत जानसक्ने चलचित्रका नायक दीपकराज गिरी बताउँछन् । 'समस्या आदिपुरूषले निकालेको हो । त्यसैले आदिपुरुषमात्रै बन्द गरौं ! उताबाट आउने सबै फि ल्म बन्द गर्दा गलत अर्थ लाग्ला कि ? उताबाट त धेरै कुरा आउँछ,' नायक गिरीले भनेका छन् ।

चलचित्र निर्देशक दीपेन्द्र लामा आदिपुरुषको विषयमा विवाद गरिरहनुपर्ने आवश्यक नै नरहेको बताउँछन् । 'राजा जनकको विदेह राज्य अहिले भारत र नेपाल दुवैतिर पर्छ । त्यसैले सीतालाई भारतले पनि आफ्नो भन्न पाउँछ । र, अर्को कुरा, हामीकहाँ बुहारीलाई पनि छोरी नै भन्ने चलन छ । सीता अयोध्याकी बुहारी हुन्,' निर्देशक लामाले भनेका छन् ।

बालेनको रोकपछि यस विषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले एक विज्ञप्ति निकाल्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । सहायक प्रवक्ता विशाल सापकोटाले जारी गरेको विज्ञप्तिमा जेठ ३१ गते नै उक्त संवाद हटाइ जाँच पास गरेको उल्लेख गरिएको छ ।

'केन्द्रीय चलचित्र जाँच समितिले मिति २०५० जेठ ३१ गते जाँच गर्दा नेपालको एक राष्ट्रिय विभूतिका रूपमा रहेकी जानकीलाई भारतीय बेटीको रूपमा प्रस्तुत भएको संवादमा 'भारतकी' शब्दलाई हटाउन लगाई सोपश्चात् मात्र चलचित्र जाँच पास प्रमाणपत्र दिई सार्वजनिक प्रदर्शन गर्न अनुमति प्रदान गरिएको हो,' उक्त विज्ञप्तिमा भनिएको छ, 'नेपालको सेन्सर बोर्डबाट प्रदर्शन अनुमति प्रदान गर्नुपूर्व नै हटाउन लगाइसकिएको उक्त संवादका सम्बन्धमा पछिल्लो समयमा विभिन्न सञ्चार माध्यम तथा सरोकारवालाहरूबाट जनाईएका आपत्तिका विषयहरूमा समेत मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।' यद्यपि विज्ञप्तिमा फिल्म चलाउन दिनु वा नदिनु भन्ने विषयमा भने केही उल्लेख गरिएको छैन ।

### आगोमा घिउ थप्दै पटकथाकार

हुन त आदिपुरुषको विरोध नेपालमा भन्दा बढी विरोध भारतमा भइरहेको छ । कारण- श्रीराम, हनुमान र सीतालाई होच्याइएको संवाद । अझ रामायणका कतिपय विषय नै तोडमोड गरेको भन्दै भारतमा हिन्दूहरूले कटु आलोचना गरेका छन् । आलोचकहरूले पटकथा लेखक मनोज मुंतशिरको पुत्ला बनाएर सांकेतिकरूपमा रुखमा फाँसी चढाइएको र मुखमा जुत्ता हानेका समाचारहरू आइरहेका छन् । नेपालमा भने केन्द्रीय चलचित्र जाँच समितिले जेठ ३१ गते नै कैंची चलाएर प्रदर्शनमा आएको आदिपुरुषमाथि सीताको विषयलाई लिएर विरोध सुरु भएको हो । यसअघि खासै चर्चामा नआए पनि बालेनले फिल्मबाट 'जानकी भारतकी छोरी हुन्' भन्ने वाक्य नहटेसम्म कुनै पनि हिन्दी फिल्म चल्न नदिने भन्दै तीनदिने अल्टिमेटम दिए । उनको अल्टिमेटमअघि नै उक्त वाक्यमा 'म्युट' लगाइएको थियो । काठमाडौंदेखि नेपालभर तीन दिन आदिपुरुष चल्यो ।

यही बीचमा शनिबार फिल्मका पटकथा लेखक मनोजले विवादित बयान दिए । मनोजले नेपाल सन् १९०३/४ अघि भारतकै भूमि रहेको र त्यसपछि अलग भएको भन्ने मिथ्या तर्क पेस गर्दै आगोमा घिउ थप्ने काम गरे । आजतकसँगको अन्तर्वार्तामा उनले सीताको जन्मबारे नेपालले भइहेको विरोधको बारेमा बुझ्न नसकेको उल्लेख गर्दै नेपाल भारतकै हिस्सा भएको बताउन भ्याए । 'नेपालमा भइरहेको विरोधलाई मैले बुझ्न सकेको छैन । सीता भारतकी छोरी हुन् भन्ने कुरा गर्दा नेपाल भारतकै हिस्सा थियो । सन् १९०३ वा ४ को कुरा हो, त्यसबखत नेपाल भारतबाट अलग भएको हो,' मनोजले भनेका छन् । उनले यति भनेपछि मेयर बालेनलाई पनि के चाहियो । आजबाट काठमाडौं महानगरका कुनै हलमा फिल्म चल्न नदिने घोषणा गरे ।

## पाँचदलीय...

पृष्ठ १ बाट जारी

प्रारम्भिक चरणमा दलको राजनीतिक दस्तावेज साटासाट गरेका थिए ।

विभिन्न चरणमा कार्यदलको बैठकसमेत बसेको थियो । तर, पटक-पटक बसेको बैठक र संवादले तीन दललाई एकता प्रक्रियामा जोड्न भने सकेन । मोर्चामाचाहिँ समाहित गर्न कार्यदलहरू सफल देखिए ।

सुरुमा तीन दल मिलेर बन्ने भनिएको मोर्चामा हाल भने पूर्वप्रधानमन्त्री भट्टराईको दल नेसपा र विप्लव नेतृत्वको नेकपा समेटिएका हुन् । शनिबारसम्म त भट्टराईको दल मोर्चामा सहभागी नहुने विवरणहरू आएका थिए । आइतबार बिहान प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको बैठकपछि भने भट्टराई पनि मोर्चामा सहभागी हुन सहमत भएको नेकपा एसका प्रवक्ता जगन्नाथ खतिवडाले बताए ।

'उहाँ (डा. बाबुराम) पनि मोर्चामा आउन सहमत हुनुभयो । बीचमा नआउने कि भन्ने थियो तर उहाँ आउने निश्चित भयो,' उनले भने, 'मोर्चा घोषणासभालाई उहाँले पनि सम्बोधन गर्दै हुनुहुन्छ ।'

मोर्चामा आबद्ध दलहरूमध्ये सबैभन्दा बढी माओवादीको ३२ सिट छ । ३२ मध्येमै माओवादीको चुनाव चिह्न हँसिया हथौडाबाट निर्वाचित नेसप ाका सांसद महेन्द्रराय यादव पनि समेटिएका छन् । जसपाको १२ सिट र नेकपा एसको १० सिट छ । नेकपा भने निर्वाचनमा सहभागी भएन ।

यससँगै मोर्चा ५४ सिटसहित संसद्को तेस्रो ठूलो शक्ति देखिने भएको हो । मोर्चाको संगठन संरचना स्थानीय तहसम्मै विस्तार गरिने बताइएको छ । मोर्चाको नेतृत्व प्रणाली भने चक्रिय हुने भनिएको छ । मोर्चा निर्माणको आधार संविधानको रक्षा, कार्यान्वयन, समयसापेक्ष संशोधन, परिमार्जन र विकासका साथै शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न भनिएको छ ।

तर, नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा सबै अग्रगामी, परिवर्तनकारी, देशभक्त दल, व्यक्ति र सामाजिक अभियन्ताहरूलाई साथ लिएर राष्ट्रियस्तरमा समाजवाद प्राप्तिको बहस गर्न र त्यसबारे कार्यनीति बनाउन मोर्चा प्रभावकारी हुने दाबी गरे । मोर्चाले देशलाई राजनीतिक निकास दिने पनि उनको ठोकुवा छ ।

यद्यपि, संसद्को प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले भने समाजवादी मोर्चा एमालेसँग मुकाबिला गर्न र कांग्रेसलाई तर्साउन गठन गर्न लागिएको टिप्पणी गरेका छन् । यस्तो मोर्चाको औचित्य नहुने उनको बुझाइ छ ।

नेपाली कांग्रेसले भने मोर्चाबारे प्रतिक्रिया जनाएको छैन । अन्य दलहरू पनि घोषणा हुन लागेको मोर्चालाई लिएर टिप्पणीमा उत्रिएका छैनन् ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार ४ गते २०८०, सोमबार

| | |
|---|---|
| मेष | स्वास्थ्यमा समस्या आउनसक्छ । |
| वृष | नयाँ कामको थालनी हुनेछ । |
| मिथुन | सवारीसाधन चलाउँदा ध्यान दिनुहोला । |
| कर्कट | मित्रजन र आफन्तसँग भेटघाट हुनेछ । |
| सिंह | आर्थिक क्षेत्रमा प्रगति हुनेछ । |
| कन्या | सामाजिक प्रतिष्ठामा दाग आउनसक्छ । |
| तुला | नजिकको मान्छेबाट धोका हुनसक्छ । |
| वृश्चिक | विद्यार्थीका लागि राम्रो योग छ । |
| धनु | रोकिएको काम बन्नेछ । |
| मकर | टाढाको यात्रा फलदायी हुनेछ । |
| कुम्भ | सामाजिक कार्यमा समय बित्नेछ । |
| मीन | शैक्षिक प्रगति तर आर्थिक क्षति हुनसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार ४ गते, २०८०, १९ जुन, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३०.६३ | १३१.२३ |
| युरो | १ को | १४३.९८ | १४४.६४ |
| पाउन्ड स्टर्लिङ | १ को | १६४.२५ | १६५.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.०८ | १४६.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८६.३२ | ८६.७२ |
| क्यानाडियन डलर | १ को | ९६.३९ | ९६.८३ |
| सिंगापुर डलर | १ को | ९७.८६ | ९८.३१ |
| जापानी येन | १० को | ९.५८ | ९.६३ |
| चिनियाँ युआन | १ को | १८.९० | १८.९९ |
| साउदी अरब रियाल | १ को | ३४.८३ | ३४.९९ |
| कतारी रियाल | १ को | ३५.८३ | ३५.९९ |
| थाई भाट | १ को | ३.८३ | ३.८५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.५७ | ३५.७४ |
| मलेसियन रिंगेट | १ को | २९.२९ | २९.४२ |
| दक्षिण कोरियन वन | १०० को | ९.७६ | ९.८१ |
| स्विडिस क्रोनर | १ को | १२.७३ | १२.७९ |
| डेनिस क्रोनर | १ को | १९.३१ | १९.४० |
| हङकङ डलर | १ को | १६.६४ | १६.७२ |
| कुवेती दिनार | १ को | ४२६.२४ | ४२८.२० |
| बहराइन दिनार | १ को | ३४६.५२ | ३४८.११ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

बाढी पहिरोको वितण्डा

# तीन जिल्लामा ११ जना बेपत्ता



■ प्रभाव संवाददाता

**काठमाडौं–** ताप्लेजुङ, पाँचथर र संखुवासभामा शनिबार भएको वर्षापछि गएको पहिरोमा परी ११ जना बेपत्ता हुनाका साथै सडक पूर्वाधारसहितमा ठूलो क्षति पुगेको छ । सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार, ताप्लेजुङको सिदिङ्वा गाउँपालिका-६ मेहेलेमा पहिरोमा परी यादव बुढाक्षेत्रीको घर पूर्ण क्षति हुनाका साथै तीनजना व्यक्तिसमेत बेपत्ता भएका छन् ।

सोही गाउँपालिका-६ स्थित राजकुमार गौतमको घर र स्वास्थ्य चौकीको भवनमा क्षति पुगेको छ । आङखोपमा-३ मा प्रेम सेदिङ, महेश्वर सेदिङ र गणेश सेदिङका तीनवटा घर बगाएको छ । सिरिजंघा-४ तेल्लोक स्वास्थ्य चौकीको पोस्टमार्टम घर पुरिएको छ भने स्थानीय नरेन भट्टराईको घर पूर्णरूपमा क्षति भएको छ ।

जिल्लाका सहायक सडक साँघु-ओदक, तेल्लोक, निम्बुखोला, सिरिजङा, सिमलबोटे र पाथीभरा याङ्वारक गाउँपालिका, आठराई त्रिवेणी र मैवाखोला गाउँपालिका जोड्ने तथा मेची राजमार्गअन्तर्गत मेवाखामा पहिरो गई सडक अवरुद्ध रहेको सेनाले जनाएको छ ।

संखुवासभाको हेवा खोलामा आएको बाढीले पाँचखपन नगरपालिका-५ खमारेस्थित रौता-चैनपुर पक्की पुल बगाउनाका साथै चैनपुर नगरपालिका-४ दोभानेमा निर्माणाधीन सुपर हेवाखोला हाइड्रोपावरको काम गर्ने मजदुर बस्न बनाएको क्याम्प तथा हाइड्रोपावरमासमेत क्षति पुगेको छ ।

त्यस क्षेत्रमा खोजी तथा उद्धारका लागि सेनाको नयाँ भैरवीदल गुल्मको सभाखोला जलविद्युत् आयोजनाको सुरक्षार्थ तैनाथ सुरक्षा बेस सिम्लेबाट अधिकृतको कमान्डमा १५ जनाको नफ्रिको फौज परिचालित भएको छ । चैनपुर नगरपालिकाको पिलुवा खोलामा आएको बाढीले आसपासका घर तथा नुनढाकीस्थित पुल बगाएको छ । सभापोखरी गापा-३ सुनाम्लामा पहिरोले गोठ बगाउँदा दुईजना बेपत्ता भएको सेनाले जनाएको छ ।

वर्षाका कारण विभिन्न स्थानमा पहिरो गई संखुवासभा-फाक्सिन्दा सडकखण्ड अवरुद्ध भएकाले घटनाका सूचना संकलन गर्न सहायक जिल्ला प्रमुख अधिकारीको नेतृत्वमा जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र खडा गरी समन्वय भइरहेको जानकारी दिइएको छ ।

त्यसैगरी, पाँचथरको फिदिम नगरपालिका-३ स्थित हेवा खोलामा बाढीले बगाएपछि त्यस क्षेत्रमा खोजतलास र उद्धारका लागि रणशेर गणबाट अधिकृतको नेतृत्वमा ३५ जनाको सैनिक टोली खटिएको जानकारी दिइएको छ । बाढीमा परी ६ जना स्थानीय बेपत्ता भएको सेनाले जनाएको छ । सोही नगरपालिका-४ मा दुईवटा घर र हेवा खोला जलविद्युत् आयोजनाको इन्टेक पूर्णरूपले क्षति भएको छ ।

# खोज, उद्धार र प्रभावितको व्यवस्थापनमा ध्यान दिन गृहमन्त्रीको निर्देशन

**काठमाडौं (प्रस)–** उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले पूर्वी नेपालका विभिन्न जिल्लामा बाढीपहिरोका कारण मानिसको मृत्यु तथा बेपत्ता भएको र ठूलो भौतिक क्षतिसमेत भएकाले बेपत्ताहरूको खोजी गरी घाइतेको उपचार, राहत र प्रभावितको उचित व्यवस्थापनमा कुनै कमी हुन नदिन निर्देशन दिएका छन् ।

पाँचथर, संखुवासभालगायतका जिल्लामा भारी वर्षापछि आएको बाढी तथा पहिरोका कारण ठूलो धनजनको क्षति भएपछि आइतबार नै आपत्कालीन बैठक बसेर उनले उक्त निर्देशन दिएका हुन् । उनको निर्देशनपछि नै आजै मेची राजमार्गको हेवाखोलामा पुल बगाएकाले त्यस ठाउँमा मोडुलर ट्रस्ट ब्रिज निर्माण गरी यातायात सहज पार्न निर्देशन दिएका छ । प्राप्त विवरणमा सो क्षेत्रमा अहिलेसम्म तीन जनाको मृत्यु भएको छ भने २९ जना बेपत्ता छन् । केही पुल बगाएको र झण्डै दर्जन पुलमा क्षति पुऱ्याएको छ । केही घरसमेत बगाएको छ ।

गृहमन्त्रीको निर्देशनपश्चात् आइतबार नै इटहरीबाट पुलका सामान त्यसतर्फ पठाइसकिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । पूर्वतयारी स्वरूप त्यहाँ पुलका सामान भण्डारण गरिएकाले पूर्वका लागि इटहरीबाट व्यवस्थापन गर्न सजिलो भएको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले बताए ।

दुई वर्षअघि जस्तै मनसुनको सुरुआती समयमै मेलम्चीलगायत विभिन्न जिल्लामा एकैपटक हानेको र त्यही ट्रेन अहिले पनि देखिएको उनले बताए । पूर्वमा आज फेरि पानी पर्ने देखिएकाले अझै सतर्क हुनेपर्ने अवस्था रहेको उनले बताए । उनका अनुसार आज लमजुङमा पनि पानी पर्ने देखिएको अलर्ट पठाइसकेको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०५२/०९/०५ मा दर्ता भएको **प्रा.लि. नं. १०२९८०** को **सिद्धार्थ पोलिक्लिनिक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NOOR FOR TRADING CLEANING & SERVICES

पूर्व स्वीकृति मिति: २०८०/०३/०३ | LT. No. 287978 | चलानी नं. ६०२०३३०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 0 | 2 | 2500 | ८९,७७५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 12 | 1000 | ३५,९०० | | | | | | | |
| 3 | General Supervisior | 0 | 2 | 3000 | १०७,७३५ | | | | | | | |
| 4 | Supervisor | 0 | 3 | 1000 | ३५,९०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ११ गते (26th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Simrik Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. २२३/०५८/०५९
Sinamangal-9, K.T.M Nepal, Tel: +977- 01-4475336
01-4475337, 985-1227788, 9841456927



## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : ALWALSHIN STAR HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति २०७९/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०३ | LT. No. 278288 | चलानी नं. ६०१९३७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 20 | 59 | 900 | ३२,०६० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manager | 2 | 3 | 3000 | १०८,२०५ | | | | | | | |
| 3 | Waiter | 20 | 70 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : WALSHINN HOSPITALITY SERVICES EST

पूर्व स्वीकृति मिति २०७९/०७/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०३ | LT. No. 274949 | चलानी नं. ६०१९१०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 54 | 900 | ३२,०६० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Event Planner | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Waiter | 0 | 62 | 1000 | ३५,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ११ गते (26th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Shuvam Overseas Employment Pvt. Ltd.**
SOE
श्रम इजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARINA SOFA SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/०३ | LT. No. 276190 | चलानी नं. ६०१९४८८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 12 | 0 | 1500 | ४२,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० असार ११ गते (26th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
श्रम इजाजत नं. १२३८/०७४/०७५
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN EVEREST TRADING AND DECORATION

पूर्व स्वीकृति मिति २०८०/०३/०३ | LT. No.287965 | चलानी नं: ६०२०३३०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Representative | 5 | 0 | 2500 | ९०,५६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 35 | 10 | 2500 | ९०,५६५ | | | | | | | |
| 3 | General Clean Worker | 0 | 5 | 1100 | ३९,५०० | | | | | | | |

कम्पनी : BLUE GREEN TRADING CONTRACTING AND HOSPITALITY

पूर्व स्वीकृति मिति २०८०/०३/०३ | LT. No.287964 | चलानी नं: ६०२०३३०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Representative | 2 | 0 | 2500 | ९०,५६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 2 | 0 | 2500 | ९०,५६५ | | | | | | | |
| 3 | Accounts-salaries & Wages Clerk | 2 | 0 | 4000 | १४४,९०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ११ गते (26th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
श्रम इजाजत नं. १३०२/०७४/०७५
G. P. O. Box : 815, Mitrapark, Chabahil-7 Kathmandu, Nepal Tel : +977-1-4489401, 4489501
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP*) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि नं. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा इकाई मूल्य(MRP*) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Video Camera | ( 180 x 173 x 311 ) | Panasonic | HC-X2000 | 1/2.5"-Type MOS | China | Pcs. | NPR | 3,19,200 | |
| 2 | Video Camera | ( 173 x 195 x 346 ) | Panasonic | AG-UX-180 | 1.0-type | China | Pcs. | NPR | 3,91,685 | |
| 3 | Video Camera | ( 152.9 x 116.1 x 114.0 ) | SONY | FX-6 | Full-Frame CMOS | China | Pcs. | NPR | 97,77,550 | |
| 4 | Video Camera | ( 171.3 x 187.8 x 371.3 ) | SONY | PXW-Z150 | 1"-Type CMOS | China | Pcs. | NPR | 5,18,700 | |

विक्रेता/फर्मको नामः **Soheto Nepal Pvt. Ltd.** भ्याट नं. : **302322990**
ठेगानाः टेकू, फोन नं.: **5354488** एक्जिम कोडः **3023229900116NP**
*भ्याट (VAT) सहित
*Price may subject to change without prior notice.



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MANOOSHA AL REEF RESTAURANTS CO FOR FOOD AND SUPPLY LTD.

पूर्व स्वीकृति मिति २०८०/०१/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०३ | LT. No. 285192 | चलानी नं. ६०२००५८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 14 | 0 | 1200 | ४२,०३० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 7 | 0 | 1200 | ४२,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १२ गते (27th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.**
श्रम इजाजत नं. १२०८/०७३/०७४
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAIL TORO LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति : २०७९/१२/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०३ | LT. No. 282730 | चलानी नं.६०१९१२६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 8 | 6 | 1500 | ४२,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : DUTA SIALIN BIOTECHNOLOGY SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०७/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०३ | LT. No.274813 | चलानी नं.६०१९८३१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 140 | ५९,८८४ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 2 | 140 | ५९,८८४ | | | | | | | |
| 3 | NAIL TECHNICIAN | 0 | 3 | 140 | ५९,८८४ | | | | | | | |

कम्पनी : ALAM ALZAIN SALOON AND SPA FOR LADIES BEAUTY CO.

पूर्व स्वीकृति मिति : २०७८/०८/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०३ | LT. No. 253593 | चलानी नं.६०१७०४३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | beautician | 0 | 32 | 150 | ६४१६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ११ गते (26th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIFORCE GENERAL SECURITY GUARD SERVICES

पूर्व स्वीकृति मिति २०८०/०२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०३ | LT No.286355 | चलानी नं.६०२०१७६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Life Guard | 20 | 0 | 1500 | ५३,४०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guards | 70 | 10 | 1500 | ५३,४०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: लन्डन होटल, धरान रोड ६, इटहरी सुनसरीमा मिति: २०८० असार १९/२० गते (4/5th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266,
985-1105656, 9856028101, 9819057967, 9848645257, 9801116672
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALMAWARID HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति २०८०/०३/०३ | LT. No.287809 | चलानी नं. ६०२०३२८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 3000 | १०४,७३० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Sales Representative | 2 | 0 | 1600 | ५५,८५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ११ गते (26th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Leading Foreign Recruitment Pvt. Ltd.**
RECRUITMENT श्रम इजाजत नं. ६६६/०६३/०६४
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4111294, 9801077916, 9809393765
E-mail: cvlink03@gmail.com, hospitallity.lfr@gmail.com, Web: www.lefrn.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# तरकारीमा राजनीति कि व्यापार

**नेपालमा हरेक क्षेत्रमा राजनीति हुने गरेको छ। शिक्षा, स्वास्थ्यमात्र होइन कृषिमासमेत राजनीति झाँगिएको देखिन्छ। विगत एक दशकको अवधिलाई मात्र हेर्ने हो भने पनि कृषिभित्रको राजनीति बुझ्निसक्नु छ।**

**सडकमा दूध फाल्नेदेखि तरकारी फाल्नेसम्मका हर्कतले वास्तविक किसानहरूलाई फाइदा भने पुगेको देखिँदैन। करिब एक दशकअघि पनि कालीमाटी तरकारी बजारमा लागत मूल्य नपाएको भन्दै किसानका नामका बिचौलियाहरूले गोलभेंडा सडकमा फालेका थिए।**

**अहिले फेरि कालीमाटी बजार अगाडिको सडकमा गोलभेंडा फाल्ने काम भएको छ। कालीमाटीका व्यापारीले केही थान क्रेट गोलभेंडा सडकमा फालेर ताली पिटे, होहल्ला गरे यसबाट किसानहरू के पाए ? विगतमा के पाएका थिए ? कसलाई देखाउन गोलभेंडा फालियो ? धेरै अनुत्तरित प्रश्नहरू छन्। यसअघि कालीमाटी तरकारी बजारमा गोलभेंडा फालिरहँदा सरकारले विषादी प्रयोग केन्द्र स्थापना गरी विषादी परीक्षण सुरु गरेको मात्र थियो। काठमाडौं उपत्यकाभित्रका अधिकांश टनेलमा उत्पादन गरिएका गोलभेंडामा विषादीको अत्यधिक प्रयोग गरिएको थियो। विषादी प्रयोग गरिएका गोलभेंडालगायतका तरकारी कालीमाटी बजारमा प्रवेश नपाउने भएपछि केही बिचौलियाले निकै उधुम मच्चाएका थिए। तर, पछि उनीहरू हार खाए।**

**तत्कालीन कृषिमन्त्री हरिप्रसाद पराजुलीले टमाटर फालिएको नभएर राजनीति गरिएको आरोप लगाए। गोलभेंडामा विषादी परीक्षण गर्ने भनेपछि मूल्य नपाएको भन्ने बिचौलिया व्यापारी पछि हटेका थिए। अहिले पनि अवस्था त्यस्तै देखिन्छ।**

**कालीमाटी तरकारी बजारमा गोलभेंडा फालियो तर किन फालियो ? के बजारका व्यापारीहरूले उचित मूल्य नपाएका हुन् कि किसानले ? त्यसो हो भने उपत्यकाका नजिकैका किसानहरूले विगतमा लागत मूल्य बराबरको रकम पाएका थिए त ? गोलभेंडा सडकमा फाल्नेहरूलाई एउटा प्रश्न ? गोलभेंडा फाल्दा घाटा कसलाई भयो ? उचित मूल्य पाएको छैन भने किसानहरूले बिचौलियालाई बिक्री गर्नुको साटो त्यसको विविधीकरण गर्नेतर्फ राज्यलाई किन दबाब दिइएन ? अहिले गोलभेंडा सडकमा फाल्ने काम किसानहरूको हुँदै होइन। किसान नाममा बिचौलियाहरूको खेल हो भन्छन् किसानहरू नै।**

**सरकारले बजेट भाषणमार्फत विदेशबाट आयात गरिने तरकारीमा भ्याट लगाउनु। अर्थमन्त्रीलाई केही व्यापारीले भ्याट लगाएको धन्यवाद दिन पुग्नु र लगतै मूल्य नपाएको भन्दै कालीमाटीमा गोलभेंडा फ्याँक्नु किसानका हितकारी कार्य हो भन्ने सकिने अवस्था देखिँदैन। यो त 'बाघ कराउनु र बाख्रा हराउनु' भन्ने उक्तिसँग मिल्ने पो देखिन्छ। सरकारको ध्यान जाओस्।**

## मनन्योग्य

### चाणक्य नीति

चाणक्यने सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ। राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ। यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हांस्ने समय नै हुन्छ। जब धेरै रुन्छ वा हाँछ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा होस् स्वाभाविक हो महात्मा !'

होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन। शोक अर्काका लागि उपहास बन्छ हर्ष आफ्ना लागि पीडादायक हुन्छ। अतः पत्थर (ढुंगा जस्तै कठोर तिमीले बन्नुपर्छ।

म तिमीलाई भोलि मगधको राजासिंहासनमा आसीन गराउन चाहन्छु राज्यको रक्षाका लागि हृदय, बुद्धि र हातहरूमा बल ल्याउनुपर्छ।'

'हेर राजाले सर्पसँग खेल्नुपर्छ। राजधर्म अत्यन्तै कठोर धर्म हो, राजाले मृत्युपछि मात्र कीर्ति पाउँछ जो राजर्षि बनी देशको सेवा गर्छ उसले गिद्धको जस्तो दृष्टि, सिंहको जस्तो साहस, इन्द्रियमा अनुशासन, रहस्य लुकाउने क्षमताजस्ता गुणहरू आफूमा सुरक्षित राख्नु आवश्यक पर्छ। राजाले बूढापाकासँगको सम्पर्कले आफ्नो आँखा खोल्न सक्नुपर्छ।

आज राति तिमी सुत्ने छैनौ बिहानसम्म मेरा अर्थशास्त्रबाट राज्यव्यवहारको पाठ तिमीले सिक्नुपर्दछ।'

एउटा अर्को कुरामा अरू ध्यान देऊ, राज्य पाउनु त्यति कठिन होइन जति त्यसको सुरक्षा गर्नु। राज-रस महजस्तो गुलियो र स्वादिलो हुँदैन विषपान गर्नु बराबर हो ! जुन शासकले विषपान गरी अमृत ओकल्दछ त्यहीं राजाने राज्यको सञ्चालन राम्ररी गर्न सक्छ।

चाणक्य र चन्द्रगुप्तको बीच गोप्य कुरा भइरहेथ्यो। यत्तिकैमा कसैको आउने सूचनाको घन्टी बज्यो। चाणक्य सतर्क भए। विशेष यन्त्रले प्रमुख प्रहरीसँग आउन लागेको मानिस को रहेछ सोधेँ। प्रहरीले कुनै सिकारी आफ्नो नाउ वनराज भन्ने बताउँछ भन्यो। पानी खतराबाट माथि छ, चाणक्यले सम्मानसहित लिएर आऊ भनी अह्राए। आउने व्यक्ति चाणक्यद्वारा प्रमुख गुप्तचर त्रिनेत्र थिए। क्रमशः

# उपयुक्त दृष्टिकोण र जनशक्तिविनाको योजना तर्जुमा



डा. ठाकुरप्रसाद भट्ट

गहिरिएर विश्लेषण गर्ने हो भने हामीमा योजना प्रणालीबारेको सही बुझाइको अभाव टड्कारो रूपमा रहेको पाइन्छ। राजनीतिकरूपमा परिवर्तन भए पनि पुराना सोच र संस्थाहरूलाई राजनीतिक परिवर्तन र प्रविधिमा भएको विकासको उपयोग गरेर नयाँ संस्थाहरू विकास गर्नेतर्फ काम हुन सकेको छैन। राजनीतिक नेतृत्व चुनाव जित्न प्रयोग हुने पुरानै शैलीमा अभ्यस्त भएर संघीयतामा पनि उही पुरानै केन्द्रीकृत मानसिकता अंगीकार गर्दै राज्यको स्रोत साधनको समुचित वितरण होइन कि आफ्नै एकाधिकार कायम गर्दै दोहन गर्न उद्धत छ भने कर्मचारीतन्त्र पनि यसैको हिस्सेदार बनी फाइदा लिइरहेको छ। यसको सीधा प्रभाव योजना प्रणालीमा परिरहेको छ।

दशकौंदेखि विकास हाम्रो पहिलो प्राथमिकतामा रहेको छ। यसैका लागि विकासको प्रारम्भदेखि नै योजनाबद्ध विकासको अभ्यासमा छौं। खासमा योजना प्रणालीको उद्देश्य नै विकासमा रूपान्तरण ल्याउनु हो। तथापि योजना तर्जुमासम्बन्धी सही बुझाइ र अभ्यासको अभावमा हाम्रो योजना तर्जुमा कमजोर हुँदा विकासको प्रयास प्रभावकारी बन्न सकिरहेको छैन। यति हुँदाहुँदै पनि यो विषयमा गम्भीररूपमा बहस भइरहेको छैन। पञ्चवर्षीय योजनाहरू कर्मकाण्डी प्रतीत भइरहेका छन् भने योजना आयोगहरू दक्ष र योग्यभन्दा पनि पहुँचवाला र बफादारहरूलाई जागिर खुवाउने संस्थाहरू बनेका छन्।

संघीयता लागू भएपछि त यो प्रवृत्ति प्रदेशस्तरमा फैलिरहेको छ। यसैबीच सरकारले आफ्नो नीति तथा कार्यक्रममा राष्ट्रिय योजना आयोगलाई पुनःसंरचना गर्ने भनेको छ, जुन स्वागतयोग्य छ। सँगसँगै स्पष्ट हुनुपर्ने कुरो के छ भने योजना आयोगको मात्र पुनःसंरचनाले योजना तर्जुमा प्रणालीमा सुधार गर्न सम्भव छैन। यसका लागि सर्वप्रथम योजना तर्जुमा के हो र कसरी गर्ने भन्ने बारेमा सही सोच तथा बुझाइको आवश्यकता छ भने यसका लागि चाहिने जनशक्तिको व्यवस्था गर्न जरुरी छ।

यस सम्बन्धमा मूल सवाल योजना तर्जुमा बारेको दृष्टिकोणको हो। योजना प्रणालीको आवश्यकताको बारेमा त त्यति विवाद देखिँदैन किनकि, सबैखाले विकास नीति र अर्थतन्त्र अंगीकार गरेका मुलुकहरू र संस्थाहरूले कुनै न कुनै किसिमको योजना प्रणाली अवलम्बन गर्दै आएका छन्। समाजवादको उदयको सुरुमा योजना प्रणाली साम्यवादीले मात्र अपनाउने बुझाइ रहे पनि अर्थतन्त्रमा राज्यको नियमन र निर्देशन एक हदसम्म जरुरी रहेको स्वीकारोक्तिसँगै यो विषय सबैखाले राजनीतिक प्रणालीका लागि आवश्यक ठानिएको छ।

योजना प्रणालीको आवश्यकतालाई सबैले अंगीकार गरे पनि यसबारेको दृष्टिकोण र अभ्यासमा विभिन्नता पाइन्छ। कसैले 'माथिबाट तल' र कसैले 'तलबाट माथि' जाने योजना तर्जुमाको विधिलाई अपनाइरहेका छन्। यी दुई विधिले नै योजना प्रणालीको विशेषता निर्माण गर्छन्। पहिलो विधिमा बाहिरबाट निर्देशन दिने किसिमको शैलीगत विशेषता रहेको हुन्छ भने दोस्रो विधिमा समुदायभित्रकै अनुभव, आवश्यकता र ज्ञानको स्थान रहने विशेषता रहेको हुन्छ। 'माथिबाट तल'को विधिले विशेषज्ञको भूमिकालई स्थान दिन्छ भने 'तलबाट माथि'को विधिले स्थानीय जनताको भूमिकालाई निर्णायक मान्दछ।

त्यसैले योजना प्रणालीको दार्शनिक पक्षबारेको बुझाइमा स्पष्ट हुन जरुरी छ। हामी कहाँ अझै पनि बाहिरको देखासिकी गर्ने सोच प्रवृत्ति नै हाबी छ। यसको अर्थ हाम्रो आफ्नै दृष्टिकोणको अभाव छ। यसको अर्थ बाहिर वा अन्यत्रबाट सिक्नुहुन्न भन्ने होइन। तर, हाम्रो आफ्नो परिवेशको ख्यालै नगरी सिंगापुर वा स्वीट्जरल्याण्ड जस्तो बनाउने कुरा गर्ने वा आन्तरिक सुधारको योजना अघि नसारी केवल चीन वा भारतको जस्तो उच्च आर्थिक वृद्धिको रटान लगाउनु भनेको आफ्नो मौलिक सोच- दृष्टिकोणको अभाव हो। यही बुझाइ र प्रवृत्ति योजना प्रणालीको बारेमा पनि पाइन्छ। इमान्दारीपूर्वक भन्नुपर्दा डा. हर्क गुरुङमात्र यस्ता विद्वान थिए, जसले नेपालको भौगोलिक र आर्थिक अवस्था बुझेर योजना प्रणालीमा क्षेत्रीय विकासको विषय उठान गरेका थिए। त्यसपछि हामी कहाँ फेरि बाहिरकै हावा लाग्यो र उदारवादको घोडा बेलगाम चढ्ने काम भयो। तर, यसले पारेको कुप्रभावका कारण यतिखेर हामी समाजवादको कुरा त गरेका छौं तर त्यसअनुरूपको विकास र योजना प्रणालीको बारेमा कुनै काम गर्न सकिरहेका छैनौं।

संघीयतासँगै तीनै तहमा योजनाहरू बनिरहेका छन्। तर, ती योजनाहरूको गुणस्तर र प्रभावकारिताबारे स्वतन्त्र तवरमा विरलै समीक्षा हुने गरेको छ। पहिलो कुरा योजना नै सही किसिमले बनिरहेका छैनन् भने अर्कोतर्फ बजेट र कार्यक्रमहरू बनेका योजनाअनुरूप नभएर हचुवा र प्रभावका आधारमा तय गरिने परम्परा बसेको छ। योजना आयोगहरू र सुविधा सम्पन्न मन्त्रालयहरू भए पनि योजना तर्जुमाको किन यस्तो हालत छ ? हामी सिद्धान्ततः लोकतन्त्र र जनताको सहभागिताको कुरा गर्छौं र विकासमा पनि जनताको सहभागिताको दुहाइ दिने गर्छौं। तर, जनताको सहभागिताका लागि सबैभन्दा उपयुक्त विधि योजना तर्जुमाको प्रक्रियामा उनीहरूलाई सहभागी गराइँदैन। यसका लागि माथि भनिएजस्तै सही दृष्टिकोणको अभाव रहेको छ भने अर्को पक्ष योजना तर्जुमाका लागि अति जरुरी व्यावसायिक क्षमताको अभाव हो।

खासगरी व्यावसायिक क्षमताको अभाव हुनुमा योजना तर्जुमा गर्ने निकायहरूमा यो विषयमा तालिम प्राप्त कर्मचारीको व्यवस्था नै छैन। सहभागीमूलक योजना तर्जुमा एउटा विशिष्टीकृत क्षेत्र हो। तर, हामीकहाँ जुनसुकै विषयको र योजनासम्बन्धी तालिम नपाएका कर्मचारीलाई पनि योजना आयोगहरूमा खटाउने गरिएको छ। यही यथार्थतालाई १५औं योजनाले 'आर्थिक योजना समूह' क्रियाशील नहुनुलाई योजना तर्जुमा तथा कार्यान्वयनको एक प्रमुख समस्याको रूपमा औंल्याएको छ। योजनाविद् पिताम्वर शर्माले आफ्नो एक लेखमा 'नीति निर्माणमा सल्लाह दिन जुन व्यावसायिक विज्ञता, दक्षता र अनुभव चाहिने हो त्यसलाई हुर्काउने पद्दति स्थापित' हुन नसकेको भनेर संस्थागत क्षमता र स्मृतिको अभाव औंल्याएका छन्।

क्षमताको दृष्टिकोणबाट हेर्दा सबै तहमा दक्ष जनशक्तिको अभाव देखिएको छ। यो पूरा गर्न निजामती ऐनमा योजना समूहको व्यवस्थादेखि लोक सेवाका पाठ्यक्रमहरू र सेवाकालीन तालिममा योजना प्रणाली र योजना तर्जुमाबारे आवश्यक ज्ञान र सीप प्रदान गर्न जरुरी छ। यस्ता दक्ष जनशक्तिहरू संघ र प्रदेशका योजनासम्बन्धी आयोगहरू र सबै मन्त्रालहरूमा राखिनुपर्दछ। स्थानीयस्तरबाट योजना तर्जुमाको प्रक्रिया उठ्ने हुनाले र यहाँ नै जनताको प्रत्यक्ष सहभागिता हुनाले स्थानीय पालिकाहरूमा यस्तो जनशक्तिको महत्त्व झन् बढी रहन्छ। तर, अहिले प्रदेश, स्थानीय तहहरूमा जति योजना बनेका छन् तिनमा न त जनताको सार्थक सहभागिता छ न त योजनाविदको भूमिका रहेको छ। सपिङ लिस्टजस्तो आयोजनाहरूको सूची राखेर योजना बनाउने प्रचलन छ। योजनाको उद्देश्य, प्राथमिकता, सीमान्तकृत समुदायको आवश्यकता जस्ता विषयहरूको कुनै ख्याल राखेको पाइँदैन। योजनाविद्हरूको संलग्नताले यस्ता समस्याहरू हल गरेर क्षेत्रगत योजनाहरूलाई एकअर्कामा विरोधाभाषपूर्ण नहुने तथा समग्र विकासको साझा उद्देश्यसँग मेल खानेगरी योजना तर्जुमा गर्ने कार्य प्रभावकारी बनाउन सकिन्छ।

यदि हामीले हेर्‍यौं भने तीनै तहमा योजना तर्जुमाको क्षमता रहेको पाइँदैन। आर्थिक विकासका विद्वानहरूले कुनै देश वा समाज विकास नहुनुका कारणमा त्यहाँको भूगोल वा स्रोत-साधनभन्दा पनि क्षमताको स्तरलाई मूल कारक मान्ने गरेका छन्। अर्थात् दक्ष जनशक्ति र त्यस्तो जनशक्तिले सहज तबरमा काम गर्न पाउने संस्थागत पद्धतिको विकास महत्त्वपूर्ण रहन्छ। हाम्रो सन्दर्भमा प्रदेश नयाँ छ त्यसैले सबै कुरा कमजोर अवस्थामा छ भने यो विषयमा आसा राख्ने ठाउँ नै बनिसकेको छैन। आफ्नो परिवेशको गहिरो अध्ययनभन्दा पनि संघले पठाइदिएका निर्देशन पुस्तिकाहरू र परामर्शदाताको गुणस्तरहीन सेवामा प्रदेशहरूको योजना तर्जुमा निर्भर रहेको छ। चाहना त देखिन्छ तर एकातर्फ क्षमताको अभाव छ भने अर्कोतर्फ लोकरिझ्याइँको रोगले प्रदेश र स्थानीय तहमा पनि ग्रस्त छन्। यसले गर्दा चुस्त र प्रभावकारी योजना होइन, सबै कुरा समेटिएको भद्दा ग्रन्थजस्ता योजना दस्तावेजहरू बन्न पुगेका छन्। विडम्बना त के छ भने प्रदेश र स्थानीयका लागि उदाहरण बन्नुपर्ने संघ नै योजना प्रणालीमा चलेको छैन।

गहिरिएर विश्लेषण गर्ने हो भने हामीमा योजना प्रणालीबारेको सही बुझाइको अभाव टड्कारो रूपमा रहेको पाइन्छ। राजनीतिकरूपमा परिवर्तन भए पनि पुराना सोच र संस्थाहरूलाई राजनीतिक परिवर्तन र प्रविधिमा भएको विकासको उपयोग गरेर नयाँ संस्थाहरू विकास गर्नेतर्फ काम हुन सकेको छैन। राजनीतिक नेतृत्व चुनाव जित्न प्रयोग हुने पुरानै शैलीमा अभ्यस्त भएर संघीयतामा पनि उही पुरानै केन्द्रीकृत मानसिकता अंगीकार गर्दै राज्यको स्रोत साधनको समुचित वितरण होइन कि आफ्नै एकाधिकार कायम गर्दै दोहन गर्न उद्धत छ भने कर्मचारीतन्त्र पनि यसैको हिस्सेदार बनी फाइदा लिइरहेको छ। यसको सीधा प्रभाव योजना प्रणालीमा परिरहेको छ।

यस्तो दुश्चक्र नतोडिकन यहाँ प्रभावकारी योजना प्रणालीको विकास हुन सम्भव छैन। यतिखेर समाजको आवश्यकता र चाहनाले विकासलाई न्यायपूर्ण र प्रभावकारी बनाउन जबर्जस्त दबाब सिर्जना गरिरहेको छ। यही तथ्यलाई आत्मसाथ गरी योजना तर्जुमाको सही दृष्टिकोणसँगै व्यावसायिक क्षमताको विकास गर्न जरुरी छ। यसका लागि कर्मचारी तन्त्र र राजनीतिक वृत्तले योजनाविद्को आवश्यकता र भूमिकालाई आत्मसाथ गर्ने वातावरण सिर्जना गर्न जरुरी छ। मूल कुरो योजना प्रणालीसम्बन्धी उपयुक्त संस्थाहरूको निर्माण गरी योजना तर्जुमालाई जनस्तरबाट माथि उठ्ने संस्थागत पद्धतिको विकासका लागि व्यापक विचार-विमर्श गर्नुपर्ने खाँचो देखिएको छ। *रासस*

*(लेखक विकास, योजना र सुशासनसम्बन्धी अध्ययन अनुसन्धानमा संलग्न हुन्)*

पत्र–मञ्जुषा

## स्वास्थ्य क्षेत्रमा लापरवाही

स्वास्थ्य मानिसको अति संवेदनशील विषय हो। तर, पछिल्लो समय अस्पतालहरूमा चरम लापरवाही देखिन थालेको छ। स्वास्थ्यकर्मीहरू बिरामीप्रति जिम्मेवार नहुँदा आमनागरिकले अस्पतालप्रति विश्वास गर्न छाडिसकेका छन्। बिरामीहरू अस्पताल जान नै डराउनुपर्ने अवस्था सिर्जना भएको छ। बिरामीलाई त्रासमा पार्नेचाहिँ डाक्टर र नर्स नै हुन्। सरकारी होस् या निजी अस्पताल, लापरवाहीको ठेगान छैन। स्वास्थ्यकर्मीका कारण बिरामीहरूले अकालमा ज्यान गुमाउनुपरेको छ। पत्थरीको अपरेसन गर्नुपर्ने बिरामीको कलेजो काटिदिएपछि मुलुकको एउटा नामी अस्पतालमा पूरै तोडफोड भएको थियो। हालैमात्र घटेको एउटा जल्दोबल्दो घटना हो यो।

त्यस्तै, केही समयअघि चिकित्सकले म्याद गुज्रिएको औषधि दिँदा बिरामीको ज्यान नै गएको थियो। चिकित्सकहरूले बिरामीको ज्यानलाई हलुका रूपमा लिन थालेका छन्। एउटा रोग लागेकोलाई अर्को औषधि दिने, अपरेसनमासमेत लापरवाही देखाउनेजस्ता कार्य भइरहेका छन्। अपरेसन गर्न सहयोग भएको सामान बिरामीको शरीरभित्रै छोडिदिन्छन्। अनि यस्तो अवस्थामा कसरी अस्पताल जाने ? वास्तवमै भन्ने हो भने सरकारले नै चिकित्सक र नर्सलाई 'मान्छे मार्ने अधिकार' दिएको छ। सामान्य रोग लागेको बिरामी चिकित्सक र नर्स गैरजिम्मेवार हुँदा मरिरहेका छन्।

तर, ती चिकित्सकलाई कारबाही गरिँदैन। उल्टै पीडामा परेका पीडितलाई चाहिँ थप पीडा दिइन्छ। यतिखेर आएर सरकारले चिकित्सक र नर्सलाई मान्छे मार्न लाइसेन्स दिएजस्तो भएको छ। लापरवाही गर्ने चिकित्सक र नर्सको विरोधमा बोल्यो भने पनि काम तमाम हुन्छ। पीडित गएर पाँच वर्ष जेल र पाँच लाख रूपैयाँ जरिवाना तिर्नुपर्छ। जो पीडामा छ, उसैलाई सजाय दिने कस्तो कानुन हो यो ? चिकित्सकहरूको संघको दबाबमा आएर कोरोनाकालमा सरकारले यो कानुन बनाएको हो। डाक्टरहरूको लापरवाहीले आफ्नो आफन्त मरे पनि निरीह भएर सहेर बस्नुपर्ने कानुन सरकारले बनायो।

आफ्नो पेसासँग ख्यालख्याल गर्ने चिकित्सकलाई त झनै फाइदा भो। आफ्नो कारणले बिरामीको ज्यान गए पनि कसैले हात लगाउन सक्दैन। कानुनले छुँदैन। जनता मार्ने स्वास्थ्यकर्मीलाई संरक्षण गर्ने यो कानुन तत्काल संशोधन गर्न आवश्यक देखिएको छ। जनताबाट चुनिएर सांसद बनेकाहरूले पनि यस कानुनको विरोधमा सदनमा आवाज उठाउनुपर्ने देखिएको छ। किनकि लापरवाही र गैरजिम्मेवारीपनले सीमा नाघेको छ। जनता अकालमा मरिरहेका छन् तर पीडितहरूले चुइक्क आवाज खसाल्नसमेत पाउँदैनन्। चिकित्सकहरूले मान्छेलाई खसीबोकाभन्दा पनि हलुका रूपमा लिएका छन्।

प्रायःजस्तो अस्पतालमा सिकारु चिकित्सक छन्। हिँडेरै अस्पताल पुगेका बिरामी उनीहरूकै कारण थलो पर्छन्। डाक्टरहरूले राम्ररी चेकजाँच गर्न छोडिसकेका छन्। साँच्चै नै भन्ने हो भने उनीहरूले आफ्नो पेसालाई मजाक बनाएका छन्। मरेनि बिरामी मर्ने त हुन्, हामी के ? भनेजस्तो व्यवहार देखाउन थालेका छन्। मनलाग्दी औषधि दिने, नलागेको रोग पनि लागेको छ भनेर बिरामीको श्री सम्पत्ति स्वाहा पारिदिनेलगायतका काम पनि उनीहरूले गरिरहेका छन्। बिरामीलाई साह्रै गाह्रो भइसकेको हुन्छ तर चिकित्सकहरू आफ्नै गफमा व्यस्त हुन्छन्।

कोही मोबाइल खेलाएर बसिरहेका हुन्छन् त कोही एकापसमा जिस्किएर। डाक्टर र नर्सको बिरामीप्रति व्यवहार एकरति पनि राम्रो छैन। रुखो बोलीवचन गर्ने, बिरामीले सोध्दा जवाफ नदिने, झर्किलो रबैया देखाउने, रिसाउनेलगायतका अनैतिक कार्य उनीहरूले गरिरहेका हुन्छन्। अस्पतालमा २४सै घण्टा चिकित्सक हुनुपर्छ। बिरामी त जतिबेला पनि हुन सक्छ। तर, सरकारी अस्पतालमा त्यस्तो छैन। अस्पताल आउने, हाजिर गर्ने अनि निजी क्लिनिकतिर कुलेलाम ठोक्ने। आफ्नो समयसम्म कहिल्यै पनि अस्पतालमा भेटिँदैनन्, चिकित्सक। जनताले तिरेको करबाट तलबभत्ता खान्छन्। तर, त्यही जनताप्रति उनीहरू जिम्मेवार छैनन्। यस्तो लापरवाही कहिलेसम्म ?

*– कान्ति श्रेष्ठ, कोटेश्वर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# तीन वडाका बालबालिका शिक्षाको पहुँचभित्र

**बनेपा–** काभ्रेपलाञ्चोकका बेथानचोक गाउँपालिकाले 'अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन वडा घोषणा' कार्यक्रम सञ्चालन गरेको छ । उक्त कार्यक्रमअन्तर्गत वडा नं ३, ४ र ६ का सबै बालबालिका शिक्षाको पहुँचभित्र परेका छन् ।

छ वडा रहेको पालिकालाई 'अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन पालिका घोषणा' गर्ने अभियानअन्तर्गत हाल तीन वडामा उक्त कार्यक्रम सम्पन्न भएको हो । विद्यालयबाहिर रहेका चार वर्ष पूरा भई १३ वर्षभित्रका बालबालिकाको वैयक्तिक विवरण संकलन गरी उनीहरूलाई शिक्षाको पहुँचभित्र ल्याउने उद्देश्यले अभियान सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष भगवान अधिकारीले बताए । उनका अनुसार हाल वडा नं ३ को ढुंखर्क, वडा नं ४ को चलालगणेशस्थान र वडा नं ६ को च्यासिङखर्कमा उक्त अभियान सम्पन्न भएको हो ।

गाउँपालिका अध्यक्ष अधिकारीले शिक्षा नैसर्गिक अधिकार भएकाले कोही पनि बालबालिका शिक्षाबाट वञ्चित नहुन् भन्ने उद्देश्यका साथ अभियान सञ्चालन गरिएको बताए । उनले शिक्षामा सबैको पहुँच पुऱ्याउने र सहज एवं समतामूलक शिक्षा सुनिश्चित गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको बताउँदै पालिकाभित्रका सबै वडामा उक्त कार्यक्रम सञ्चालन गरिने जानकारी दिए ।

गाउँपालिका शिक्षा शाखा प्रमुख पुष्पा राईले अभियान सञ्चालन चुनौतीपूर्ण भए पनि अभियानले मूर्तरूप लिने बताइन् । अनिवार्य शिक्षाअन्तर्गत राज्यले बालबालिकालाई निःशुल्क पोसाक, निःशुल्क पाठचपुस्तक, परीक्षा, भर्नालगायत सम्पूर्ण शैक्षिक क्रियाकलाप निःशुल्क गरेको अवस्थामा विद्यालय जाने उमेरका बालबालिका अझै पनि शिक्षाको पहुँचबाहिर हुनु दुःखद् भएको बताइन् ।

शिक्षा सबैको अधिकार भएकाले सबैलाई समान शिक्षा दिने उद्देश्यले अभियान सञ्चालन गरिएको राईको भनाइ थियो । 'अन्तर्राष्ट्रिय मान्यताअनुसार चार वर्ष पूरा भएका विद्यालय जाने उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालय भर्ना गराउने, उनीहरूलाई विद्यालय छाड्न नदिने, विद्यालयमा टिकाउन अनिवार्य शिक्षाअन्तर्गत गर्नुपर्ने सम्पूर्ण लगानीमा राज्यको दायित्व भएकाले सोहीअनुरूप गाउँपालिकाले अभियान सञ्चालन गरिरहेको छ,' उनले भनिन् ।

अभियानका क्रममा विद्यालय भर्ना नभएका, अपांगता भएका, अभिभावकविहीन, आर्थिक अवस्था कमजोर भएका वा अन्य कुनै कारणले हालसम्म विद्यालयको हाताभित्रमा नपुगेका बालबालिकालाई विद्यालयसम्म ल्याउनका लागि घर-घर गई घुम्ती शिक्षकमार्फत विद्यालय ल्याउन पहल गरिएको शिक्षा शाखा प्रमुख राईले जानकारी दिइन् ।

वडा समितिको निर्णय

र वडा अध्यक्षको प्रस्तावमा अभियान सञ्चालन गरिएको थियो । वडा नं ६ लाई बिहीबार बसेको वडा समिति बैठकको निर्णयले असार १ गते लागू हुने गरी 'अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन वडा घोषणा' गरेको वडा अध्यक्ष विष्णु तामाङले बताए । वडा नं ३ का ५५० घरधुरीका बालबालिकाको वैयक्तिक विवरण संकलन गर्दा वडाभित्रका कुनै पनि बालबालिका विद्यालयबाहिर नरहेको पाइएपछि जेठ २६ गते 'अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन वडा घोषणा' गरिएको थियो ।

वडा नं ४ मा एक हजार ४६ घरधुरीका बालबालिकाको विवरण संकलन गर्दा तोकिएको उमेर समूहका विद्यालयबाहिर कोही पनि बालबालिका नरहेको पाइएपछि वडा समितिको प्रस्तावमा जेठ २९ गते अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन वडा घोषणा भएको थियो । वडा नं १ मा सबै प्रक्रिया पूरा भइसकेकाले छ भने वडा नं २ र ५ मा पनि बालबालिकाको विवरण संकलनका लागि तयारी भइरहेको शिक्षा तथा खेलकुद शाखाले जनाएको छ । *रासस*

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०२/२५ गते निम्न विवरणको Pulsar 220 cc को कालो, रातो रङको मोटरसाइकल तार्केश्वर ९, घर बाहिर गेटमा पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**धनीको नाम : समिर गुरुङ**
**बाइक नं.: बा.प्र -०२-३६ प १०१२**
**च्यासिस नं.:** MD2A13EXINCK 80892
**इन्जिन नं. :** DKXCNK 35260
**ठेगाना: तार्केश्वर ९, काठमाडौं**
**मो.नं.: ९८६९४११६७९**


## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** MOHAMMAD IBRAHIM AL THUNAYAN CAR MAINTENANCE WORKSHOP

पूर्व स्वीकृति मिति २०८०/03/03 LT. No. 287944 चलानी नं. ६०२०२२२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Labour | 5 | 0 | 1000 | ३४,८७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ११ गते (26th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** PINE HOTEL APARTMENTS

पुर्व स्वीकृति मिति २०८०/०२/१२ पुर्व स्वीकृति मिति २०८०/03/03 LT. No. 286568 चलानी नं. ६०२०२०२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping Agent | 2 | 0 | 1200 | ४१८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ११ गते (26th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: +977-1-5551901, 5011620, Fax: 977-1-5542407
E-mail: kmpower@wlink.com.np
Website: www.kapeelmanpower.com



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी:** AL ARAQA TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०२/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/03/03 LT. No.287342 चलानी नं. ६०२०२७४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५४,४४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Driver | 4 | 0 | 1900 | ६८,९५५ | | | | | | | |
| 3 | Labour | 3 | 0 | 1000 | ३६,२९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ०५ गते (20th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१



## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** TORCH LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति २०८०/03/03 LT. No.287946 चलानी नं.६०२०३२७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 1 | 150 | ६४,१६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure Technician | 0 | 1 | 150 | ६४,१६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ११ गते (26th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ujyalo Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. १३३९/०७४/०७५
Kathmandu, Nepal Tel : +977-1-4110543, 9819090441
E-mail : ujyalo.overseas2017@gmail.com Website : ujyalooverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** HARAKA ETQAN FOR TRADE CO.

पूर्व स्वीकृति मिति २०८०/०१/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/03/03 LT. No. 285486 चलानी नं. ६०२००९४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | My Coffee | 14 | 0 | 1000 | ३४,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ११ गते (26th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी :** Al Barakah Kuwait General Trading & Contracting Co ( CROWNE PLAZA /HOLIDAY INN HOTEL )

पूर्व स्वीकृति मिति २०७८/११/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/03/03 LT. No. 258687 चलानी नं. ६०१७५११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis I | 5 | 5 | 140 | ६०,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commis II | 5 | 10 | 120 | ५२,०७५ | | | | | | | |
| 3 | Housekeping Attendan | 7 | 4 | 100 | ४२,७७५ | | | | | | | |
| 4 | Kitchen Steward. | 11 | 0 | 100 | ४२,७७५ | | | | | | | |
| 5 | Laundry Attendant | 10 | 5 | 100 | ४२,७७५ | | | | | | | |
| 6 | Receptionist / Gsa | 5 | 5 | 200 | ८६,७९० | | | | | | | |
| 7 | Waiter/waitress | 5 | 6 | 120 | ५२,०७५ | | | | | | | |

**कम्पनी :** AL ARJWAN LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति: २०८०/०१/२७ पुन विज्ञापन स्वीकृति मिति २०८०/03/03 LT No. 285497 चलानी नं. ६०२००७२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 2 | 150 | ६४,२८८ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 2 | 150 | ६४,२८८ | | | | | | | |

**कम्पनी :** ARGAN ALBIDA'A HOTEL AND RESORT

पूर्व स्वीकृति मिति :२०७९/03/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/03/03 LT. No. 265835 चलानी नं.६०१८१७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Boy | 5 | 0 | 125 | ५०,९६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | HK Attendant | 10 | 10 | 100 | ४२,७७५ | | | | | | | |
| 3 | Life Guard | 5 | 0 | 125 | ५०,९६५ | | | | | | | |

**कम्पनी :** EDAM GROUP RESTAURANTS CAFES & CATERING

पूर्व स्वीकृति मिति २०७८/०८/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/03/03 LT. No. 249657 चलानी नं. ६०१७२३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 20 | 6 | 100 | ४२,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ११ गते (26th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 97411877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np


## सन्दुस बचत तथा ऋण सहकारी संस्था लि.

**Sandus Saving & Credit Co-operativge Ltd.**
**Head Office:** Kaushaltar-15, Bhaktapur, Tel.: 01-6630150, 6635528
**Service Centre:** Purano Baneshwor-10, Kathmandu, Tel.: 01-4462833, 4475986
**E-mail:** sandussaving@gmail.com

### धितोमा रहेको अचल सम्पत्तिको लिलाम बिक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०८०/03/04 गते**

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरूले लिनुभएको कर्जाको साँवा, व्याज र ढिलो बुझाए वापत लाग्ने हर्जना नतिरी नबुझाई कर्जा सम्बन्धी संस्थासँगको सम्झौताको शर्तबन्देजहरू उल्लंघन गर्नु भएकोमा कर्जा चुक्ता गर्न आउनु भनी पटक पटक मौखिक तथा लिखित रूपमा तर ताकेता गर्दा समेत पनि चुक्ता नगर्नु भएको र मिति **२०८० वैशाख १५** गते **प्रभाव राष्ट्रिय दैनिक** पत्रिकामा कर्जा चुक्ता गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी संस्थालाई तिर्न बुझाउन पर्ने साँवा, व्याज र हर्जना रकम बुझाउन आउनु नभएको र तिरे बुझाएको प्रमाण पेश नगरेको हुँदा सहकारी नियमावली २०७५ को नियम ३० ले तोके बमोजिम ऋणी सदस्यहरूले कर्जा लिदा उपलब्ध गराएको धितो सम्पत्तिलाई बोलपत्र लिलाम डाक बढाबढद्वारा बिक्री गरी संस्थाले साँवा, व्याज र हर्जना असुलउपर गर्ने भएको हुँदा धितोमा रहेको अचल सम्पति खरिद गरी लिन इच्छुक व्यक्ति वा संघ संस्था सबैमा तपसिलको शर्तबन्देजको अधिनमा रही लिलाम बिक्री हुने सम्बन्धी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ऋणीको नाम ठेगाना (तीनपुस्ते ) | व्यक्तिगत जमानी र धनजमानीको नाम ठेगाना | धितोको विवरण:- |
|---|---|---|
| नाम थर : **देवराज कार्की**<br>बुबाको नाम : नारायण बहादुर कार्की<br>बाजेको नाम : भिम बहादुर कार्की<br>स्थायी ठेगाना : साविकको पात्ले-७, ओखलढुङ्गा<br>हालको ठेगाना : साविकको नयाँपाटी-५, काठमाडौं<br>**ना.प्र.न.**१३३०२४ | नाम थर : **पुजा कार्की**<br>बुबा/पतिको नाम : देबराज कार्की<br>बाजे/ससुराको नाम: नारायण बहादुर कार्की<br>स्थायी ठेगाना : साविकको पात्ले-७, ओखलढुङ्गा<br>हालको ठेगाना :- साविकको नयाँपाटी-५, काठमाडौं<br><br>नाम थर : **तिलक बहादुर थापा मगर**<br>**ना.प्र.न.: ५४१/०४६/८५६२**<br>बुबा/पतिको नाम : एकमान मगर<br>स्थायी ठेगाना : साविकको पलापु-४, ओखलढुङ्गा<br>हालको ठेगाना :- का.म.पा.-९, काठमाडौँ | काठमाडौं जिल्ला नयाँपाटी गा.वि.स.वडा नं.५ कित्ता नं. १६०८ को क्षेत्रफल ०-३-०-० (९५.३९ व.मी.) पुरा |
| नाम थर : **रोहिणि कुमारी चौधरी**<br>बुवाको नाम :- गौरी शंकर चौधरी<br>बाजेको नाम :- देव नारायाण चौधरी<br>स्थायी ठेगाना:- साविकको वथनाहा-७, महोत्तरी<br>हालको ठेगाना : साविक इमाडोल-८, ललितपुर<br>**ना.प्र.न.**१०२८२६७६ | **नाम थर : कुनाल ठाकुर**<br>बुवा/पतिको नाम:- सुमन्त कुमार ठाकुर<br>बाजे/ससुराको नाम:- कृष्ण कुमार ठाकुर<br>स्थायी ठेगाना:- साविकको लोहना-४, धनुषा<br>हालको ठेगाना :- साविक इमाडोल-८, ललितपुर | ललितपुर जिल्ला इमाडोल गा.वि.स. वडा नं. ८ कित्ता नं. ५५८ को क्षेत्रफल १२७.१८ व.मि. जग्गा र सो जग्गामा बनेको एक तल्लाको पक्की घर र लिगलगापात समेत पुरा |

**पुनश्च :**

**धितोबन्धक लेखिदिने ऋणीलाई सूचना** :- उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शिघ्र कर्जा चुक्ता गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन पुन अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलामका शर्तहरू बमोजिम लिलाम बढाबढबाट कायम हुने धितो सम्पतिको मूल्य प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लेखित धितो सम्पति लिलाम बिक्री गरी वा सहकारी आफैले सकार गर्दा समेत सम्पूर्ण लेना रकम असुलउपर नभई बाँकी रहेमा ऋणी वा ऋणीका एकाघरका परिवारका सदस्यहरूको नाममा तथा व्यक्तिगत जमानी दिनेको नाममा रहेको, भएको चल अचल सम्पत्तिबाट असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाबाट सुचित गरिन्छ ।

**लिलामका शर्तहरू :-**

१. बोलपत्र फारम रु.१०/- (फिर्ता नहुने गरी) तिरी संस्थाबाट प्राप्त गर्न सकिने छ ।
२. लिलामाा अन्तिम पटक सबै भन्दा बढी बोल कबोल गरी सकार गरेर लिन चाहाने व्यक्ति वा संघ संस्थाले आफूले बोलकबोल गरेको कुल रकमको १० प्रतिशतका दरले हुने रकम धरैटी बापत तुरुन्त लिलाम बढाबढ गरेकै बखतमा नगदै वा संस्थाको नाममा जारी गरिएको 'क' वर्गको बैकको गुडफर पेमेन्ट चेक वा बैक ड्राफ्टको सक्कल सहित यस संस्थामा जम्मा गर्नु पर्ने छ ।
३. लिलाम बिक्रीको बोलपत्र स्विकृत व्यक्ति वा संघ संस्थाले लिलाम भएको मितिले ७ दिनभित्र कबुल गरेको सम्पूर्ण बाँकी रकम बुझाई नामसारी गर्नु पर्ने छ । नामसारी गरी नलिएमा धरौटी बापत रहेको धरौटी रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्रीको बोलपत्र मिति २०८०/०४/०७ गते दिउसोको ४:०० बजेसम्म बुझाइ सक्नु पर्ने छ ।
६. लिलाम बिक्रीको बोलपत्र मिति २०८०/०४/०८ गते बिहान १०:०० बजेदेखि बेलुकी ५:०० बजेसम्ममा लिलाम बढाबढ गरिने छ । कुनै कारणले तोकिएको दिन बिदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुलेको दिन लिलाम बढाबढ गरिने छ साथै बिक्री गर्ने कार्य गर्दागर्दै काम सम्पन्न नभएमा त्यसको भोलिपल्ट (बिदा परेको दिन बाहेक) कारवाही अगाडि बढाइने छ ।
७. लिलाम बिक्रीको लागि दरखास्त नपरेमा वा परेको दरखास्तमा लिलाम गर्न उचित नदेखेमा धितो संस्थाले सकार गर्ने वा पुन : लिलाम गर्न सक्नेछ ।
८. लिलाम गर्ने दिन सम्मको संस्थाको लेना रकम र लिलामी गर्दा लागेको सबै खर्च समेत लिलाम गर्दा प्राप्त रकमबाट असुलउपर गरिने छ ।
९. लिलाम बिक्रीमा प्रचलित कानुनको अधिनमा रही नेपाली नागरिक एव अचल सम्पत्ति खरिद गर्न पाउने संघ संस्थाले मात्र भाग लिन पउने छ ।
१०. धितो सुरक्षण रहेको अचत सम्पत्ति लिलाम बिक्रीमा सकार गरी लिन इच्छुकले उक्त अचल सम्पत्ति दाखिल खारेज गर्दा लाग्ने सम्पूर्ण शुल्क आफैंले व्यहोर्नु पर्ने छ ।
११. लिलाम बढाबढ गर्दा अचल सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ ।

**लिलाम हुने स्थान** : सन्दुस बचत तथा ऋण सहकारी संस्था लि., कौशल्टार भक्तपुर
**लिलाम हुने मिति** : २०८०/०४/०८ गते
**लिलाम हुने समय** : बिहान १०:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
**बोलपत्र फारम पाइने स्थान** : सन्दुस बचत तथा ऋण सहकारी संस्था लि., कौशल्टार भक्तपुर

प्रभाव दैनिक

रूपशाला

## 'अघि बढ्ने छु' मा सुजता र अनन्तको रोमान्स

गायक शक्ति भण्डारीको स्वर र संगीत रहेको गीत 'अघि बढ्ने छु' सार्वजनिक भएको छ । रक भर्सनको गीतलाई डेकेन्द्र श्रेष्ठको शब्द रहेको गीतमा गायक भण्डारीकै संगीत रहेको छ । गीतको भिडियो युरोपको रमणिय स्थान बार्सेलोना सिटीमा छायाँकन भएको हो । म्युजिक भिडियोमा सुजता कँडेल र अनन्त लामिछानेको अभिनय छ । भिडियोका निर्देशन सुरज मैनालीले गरेका हुन् ।



सोमबार, ४ असार २०८० (Monday, June 19, 2023)

# हिन्दी फिल्मको प्रदर्शन रोक्दै काठमाडौं महानगर




■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले आज (सोमबार) देखि महानगरभित्रका हलमा हिन्दी फिल्मको प्रदर्शन रोक्ने भएको छ । महानगरका प्रमुख बालेन्द्र साहले नगर प्रहरीलाई खटाएर हिन्दी फिल्मको प्रदर्शन रोक्न निर्देशन दिएका हुन् । मेयर साहले सामाजिक सञ्जालमा लेखेका छन्, 'भारतीय चलचित्र आदिपुरुषमा समावेश भएको जानकी भारतीय छोरी हुन् भन्ने आपत्तिजनक सन्देश उक्त चलचित्रको मूल भागबाट हटाउन हामीले तीन दिनपहिले हटाउन आह्वान गरेका थियौं । नेपालको स्वतन्त्रता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी राष्ट्रहितको रक्षा गर्नु प्रत्येक सरकार, सरकारी निकाय, गैरसरकारी क्षेत्र र नेपाली नागरिकको पहिलो कर्तव्य हुने कुरामा कुनै सन्देह छैन ।'

नेपालको संविधानको धारा ५ र ५६ को उपधारा (६) ले सङ्घ, प्रदेश र स्थानीय सरकारलाई राष्ट्रिय हितको संरक्षण गर्ने जिम्मेवारी तोकेको छ । उक्त चलचित्र यथावत् प्रदर्शन भएमा नेपालको राष्ट्रियता, सांस्कृतिक एकता र राष्ट्रिय विभूतिमाथि प्रहार भई अपूरणीय क्षति हुने देखिएको तथा उक्त चलचित्रबाट नेपालमाथि सांस्कृतिक अतिक्रमण भएको हुँदा यसप्रति महानगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

काठमाडौं महानगरपालिका क्षेत्रभित्र उक्त राष्ट्रहित विपरीतको चलचित्रको प्रदर्शनलाई निषेध गरेरमात्र देशभित्रका अन्य क्षेत्र र विदेशमा सो चलचित्र प्रदर्शन हुन दिने हो भने त्यसले भ्रामक तथ्य स्थापित गर्ने भएकाले उक्त चलचित्रबाट आपत्तिजनक अंश नहटाएसम्म काठमाडौं महानगरमा कुनै पनि भारतीय चलचित्र प्रदर्शन गर्न आजदेखि निषेध गरिएको प्रमुख साहले बताएका छन् ।

महानगरपालिकाका प्रमुख साहको निर्देशनपछि नगर प्रहरीले आइतबार बेलुकासम्म सबै हलमा पुगेर भारतीय फिल्म प्रदर्शन नगर्न निर्देशन दिने र यसका लागि नगर प्रहरीदेखि खट्ने भएको महानगरपालिकाले जनाएको छ । काठमाडौं महानगरका ३२ वडाभित्र १७ फिल्म हल छन् । दक्षिण भारतीय फिल्म 'आदिपुरुष'मा समावेश 'जानकी भारतकी छोरी हुन्' भन्ने वाक्यलाई भारतमा सच्याउन मेयर साहले फेसबुक स्टाटसमार्फत तीन दिनको समय दिएका थिए । आइतबार बेलुकासम्म फिल्म निर्माताले भारतमा उक्त संवादलाई सच्याएका थिएनन् ।

# एक्सन अवतारमा पूजा



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री पूजा शर्मा एक्सन अवतारमा देखिने भएकी छन् । अहिलेसम्म अधिकांश फिल्म प्रेमकथामा अभिनय गरेकी पूजाले फिल्म 'दान्भी' मा एक्सन भूमिका निर्वाह गर्न लागेकी हुन् ।

फिल्ममा पूजाको जोडीको रूपमा नायक कुन्साङ बोमजम देखिँदै छन् । रूपेश तामाङले निर्देशन गर्न लागेको फिल्म छिट्टै छायांकन हुने बताइएको छ । रूपेशले यसअगाडि निर्देशन गरेको फिल्म 'जय शम्भु'ले तारिफ पाएको थियो ।

'यसपटक हामीले फिल्ममा नयाँ एक्सनको शैली भित्राउने तयारी गरेका छौं । फिल्मले दर्शकलाई पूर्ण रूपमा मनोरञ्जन दिनेछ' निर्देशक तामाङले भने ।

फिल्मलाई लिएर नायिका पूजा शर्मा उत्साहित छिन् । पूजाले फिल्मका लागि मिहिनेत गरिरहेको बताइन् । उनले भने,'दर्शकमा मलाई लिएर लभ स्टोरी फिल्मको छाप छ । यसपटक दर्शकले दान्भीमा मेरो नयाँ अवतार देख्न पाउनुहुनेछ ।' नायक कुन्साङ बोमजमले पनि फिल्मलाई लिएर आफू उत्साहित रहेको सुनाए ।

फिल्मको छायांकन नेपाल र सिक्किममा हुनेछ । अनुप गडाल निर्माता रहेको फिल्ममा पवन राना मगर कार्यकारी निर्माताको रूपमा छन् । श्रवण कुमार श्रेष्ठ, गोकुल सुवेदी र हर्क बहादुर वाइवा फिल्मका सह-निर्माता हुन् ।

फिल्मका अन्य कलाकार र टिम चाडै नै सार्वजनिक गरिने निर्देशक तामाङले जानकारी दिए ।

# सजिनालाई 'स्पेस एण्ड डिजाइन एक्सो' उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'स्पेस एण्ड डिजाइन एक्सो-२०२३' को उपाधि सजिना सुवालले हात परेकी छन् । आईआईएफटी स्कुल अफ फेसन एण्ड इन्टरियर डिजाइनको आयोजनमा पहिलो पटक आयोजित प्रतियोगीतामा उनले शीर्ष उपाधि हात पारेका हुन् ।

प्रतियोगितात्मक एक्स्पो कार्यक्रममा इन्टरियरहरूको छाता संगठन आइडिया नेपालका पधाधिकारीहरूको निर्णयमा पबिन कार्की र स्वस्तिका राजभण्डारी क्रमस दितिय र तृतीय हुन सफल भए, भने पब्लिक चोइएस अवार्ड दीक्षित खड्काले हात पारिन् ।

विजेतालाई संसद् प्रदीप पौडेल र पूर्वमन्त्रि भीमसेन दास प्रधान लगायतले



नगद तथा ट्रफी प्रदान गरेका थिए । विजेतालाई नेपोभीट टैल्सको तर्फाबाट नगद पुरस्कार प्रदान गरिएको थियो । 'स्पेस एण्ड डिजाइन एक्सो-२०२३'ले नयाँ पुस्तामा भएको प्रतिभालाई उजागर गर्ने अपेक्षा लिएको एक्साकी निर्देशक विपना थापाले बताइन् ।

